मितिः २०८१।११।०५

प्रमुख स्काउट माननीय युवा तथा खेलकुद मन्त्री ज्यू
युवा तथा खेलकुद मन्त्रालय,
सिहंदरवार, काठमाण्डौं

**ज्ञापन पत्र**

नेपाल स्काउट भित्रको अनियमितता विरुद्ध आवाज उठाउदैं स्काउटलाई सुदृढीकरण गर्न वि.सं. २०६८ साल देखि सक्रिय रहेको यस नेपाल स्काउट प्रगतिशिल संघर्ष समितिले स्काउट सुधारका निम्ति अभियान तथा आन्दोलन गर्दै आइरहेको व्यहोरा प्रमुख स्काउट ज्यूलाई अवगत नै होला । २०७१ सालमा भएको आमरण अनसनको २१औं दिनमा तत्कालिन प्रमुख स्काउट ज्यूसंग युवा तथा खेलकुद मन्त्रालयमा भएको बार्ता पश्चात अनसन स्थगन भएको स्मरण गराउन चाहन्छौं । २०७१ सालको २१ दिने आमरण अनसन पश्चात स्काउटमा सुधार हुने आशाका साथ हाम्रो क्रियाकलाप हामीले भिन्न ढंगले संचालन गर्दै आई रहेका छौं ।

युवा वर्गलाई अनुशासित हुन सिकाउने संस्थाले स्वयं पद्दति, विधि तथा विधानलाई अक्षरसः पालना गर्नु पर्दछ । तत्कालिन तदर्थ समितिले २०७६ भाद्र १६ गते भित्र सबैलाई समेटेर निर्वाचन गर्नुपर्नेमा समितिको वैधानिक आयु २०७६ भाद्र १६ गते सकिए पश्चात कर्मचारी भर्ना लगायतका  कार्यहरु गरेर चार बर्ष संस्थालाई थप अचेत बनाई २०८० माघमा केहि कार्यकर्ता जम्मा गरी मञ्चन गरेको निर्वाचनको नाटकलाई सम्मानित सर्वोच्च अदालतले समेत हाल सम्म वैधानिक ठहर गर्न सकेको छैन । पाँच जनाको निर्वाचन समिति मध्ये ३ जनाले स्वयं अदालतमा उपस्थित भई निर्वाचन गराउन नसकिने साबिति बयान दिए पनि अदृश्य शक्तिको प्रलोभनमा समितिका दुई जनाको मात्र मिलोमतोमा भएको निर्वाचन आफैंमा बदर भागी छ । यस सम्बन्धी फैसला पनि सम्मानित सर्वोच्च अदालतबाट हुन बाँकी नै छ । काठमाण्डौंमा सक्रिय रहेका स्काउटर कर्णाली, सुदुरपश्चिम लगायतका प्रदेशबाट प्रतिनिधित्व गराएर ल्याइनु , मधेश प्रदेशमा निर्वाचन नै नभई काठमाण्डौं, ओखलढुङ्गा, भक्तपुर जस्ता जिल्लाहरुलाई मधेश प्रदेश अन्तर्गत राखी सो जिल्लाका स्काउटरहरुलाई राष्ट्रिय परिषदमा मधेश प्रदेशको प्रतिनिधि बनाएर वास्तविक रुपमा स्थानिय तहमा क्रियाशील स्काउटरहरुलाई पाखा लगाउने षडयन्त्रमा तत्कालीन प्रमुख स्काउट ज्यूको प्रत्यक्ष संलग्नता रहेको हाम्रो बुझाई छ ।

तत्कालिन प्रमुख स्काउटलाई मतियार बनाएर गरिएको उक्त उच्छृंखल कार्य विरुद्धको कानुनी लडाईमा रहेकै बेला, हाल विभिन्न संचार माध्यम तथा सामाजिक सञ्जालमा प्रशारण तथा प्रकाशन भई रहेको सामग्रीहरुले स्काउटको माहौलनै प्रदुषित बनाएको तथ्य सबै सामु उजागर भएकै छ । प्रशारित सामग्रीहरुमा उल्लेखित पात्रहरुको आ-आफ्नै स्वार्थ होला तदअनुसार सामग्रीहरु पनि प्रशारीत भए होलान तर  उक्त प्रकाशनले हालको स्काउटिङ्गको परिवेश छताछुल्ल पारेको छ । यसको असर इकाई स्तरमा सक्रिय रहेका स्काउटर तथा स्काउटमा आवद्ध युवा वर्गमा प्रत्यक्ष रुपमा परेको छ । स्काउटमा आबद्ध नानी बावुहरुको अभिभावकहरुले संस्थाको छवी र यस्को नेतृत्व वर्ग माथी प्रश्न गरिहेको वास्तविकता कसै सामु लुकेको छैन ।

सामाजिक सञ्जालमा भेटिएको २०८१/०९/२४ गतेको छानविन सम्बन्धी उजुरी पश्चात श्रृजना भएको परिस्थितिमा को कति जिम्मेवार र को कति दोषि छ भन्ने त भविष्यलेनै वताउला तर संस्थाको नेतृत्व गर्न प्रमुख जस्तो पदमा नेपाल सरकारद्वारा मनोनित व्यक्तीले स्व-विवेक प्रयोग नगर्दा परिस्थिति झन झन विकराल हुदैं गएको हाम्रो ठम्याई छ । नेपालको अन्तरिम संविधान मार्फत वि.सं. २०६३ मा नै नेपाल लोकतान्त्रीक गणतन्त्रको रुपमा परिभाषित भई सके पछी श्री ५को सरकार नेपाल सरकारमा परिणत भई सकेको छ । तर प्रमुख स्काउटको एकल हस्ताक्षरबाट तयार भई गोप्य रुपमा लागु भएको नियमावलीमा श्री ५ को सरकार भनि लेखिनु र त्यसमा माननीय मन्त्री ज्यूको मात्र हस्ताक्षर हुनुले प्रमुख स्काउटको स्व-विवेकीय प्रयोग अभ्यासको नमुना प्रस्तुत भई सकेको छ । अझ आफैंले सार्वजनिक रुपमा विभिन्न संचार माध्यममा आफुले हस्ताक्षर गरेको कागजातको विवरण आफैंलाई थाहा नभएको जस्तो गैर जिम्मेवार पुर्ण अभिव्यक्ती दिनुले प्रमुख स्काउटको व्यक्तीगत स्तर प्रस्ट रुपमा चित्रित गरेको छ । यो त्रुटीको विषय

सामान्य मात्र नभइ अति संवेदनशील समेत रहेको छ । अभिव्यक्तीमा भएको त्रुटीका कारण विगतमा पनि कतिपय मन्त्रीहरुले नैतिकताको आधारमा राजिनामा दिएको उदाहरणहरु हामी संग प्रसस्त छन् । अझ लिखित रुपमा यस्तो त्रुटी हुनुलाई नैतिकता हुनेहरुले सामान्य मान्न सक्दैनन् । परिषदकै वैठकमा उपस्थित सदस्यहरुले सामाजिक सञ्जालमा सार्वजनिक रुपमा नियमावली निर्माण प्रति अनभिज्ञता प्रकट गर्दै हस्ताक्षर दुरुपयोग भएको भनि दिएको अभिव्यक्तीले प्रमुख ज्यूको सांठगांठ प्रष्ट देखाएको छ ।

कार्यालयमा हुने गरेका आर्थिक अपचलन, कार्यगत दुर्व्यवहार र यौन दुर्व्यहारको समाचार संचार माध्यममा तथा सामाजिक सञ्जालमा प्रशारित हुनुले संस्थाको छवि कति हद सम्म धुम्ल्याएको छ भन्ने तर्फ थप चर्चा गरी रहनु पर्दैन । अनियमीतताको फेहरीस्त लिखित रुपमा आउँदा समेत कुनै कार्वाही नभई पक्षपोषणले थप आशंकाहरु उब्जीएका छन । नियमलाई आफु अनुकुल बनाएर छपाई गर्दै नियमावलीको संज्ञा दिएको भनेर परिषद सदस्यहरुले आरोप लगाइ रहंदा परिषद अध्यक्षले छानविन गर्नु पर्नेमा सो नगरेको प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । ऐन र नियमावलीको तात्विक भिन्नता र उल्लेखित दफाहरु अध्ययन गरी सामान्य रुपमा समेत प्रयोग गर्न के कारणले कठिनाइ भएको हो भनी बुझ्न आम स्काउटहरु उत्सुक छन् ।

मधेश प्रदेशबाटै निर्वाचित सासंदले कम से कम आफ्नो प्रदेशको वास्तविकता बुझ्दा भ्रमको चस्मा उतारेर बुझ्नु पर्ने हुन्छ । २०८० अघिको नेपाल स्काउटको दर्ता अभिलेखमा उल्लेख्य रुपमा स्काउट तथा स्काउटरहरु सक्रिय रहेको प्रदेशले के-कति कारणले राष्ट्रीय परिषदको ८ जना मध्ये ७ जना आयातित् प्रतिनिधिहरु पठाउनु पर्यो सो को छानविन आफ्नै प्रदेशको भएको नाताले गर्नु पर्नेमा देशका विभिन्न स्थानमा भएका भैतिक संरचनाहरुको हस्तान्तरणको बिषयमा स्थानिय तहमा सक्रिय स्काउटहरुलाई दवाव दिनु र अनरगल प्रचार गर्नु न्यायोचित हुंदैन साथै प्रमुख जस्तोलाई सुहाउंदैन पनि । हालको परिस्थिति नियतवस प्रतिनिधित्व मुलक समानताबाट बञ्चित गराइए तापनि आफ्नो स्थानमा आफ्नै निर्णय लागु हुनु पर्दछ कसैले विसंगतिलाई साथ दिदैं दवाव दिन खोज्छ भने त्यसलाई स्विकार गर्नु हुदैंन । हामिले विगतमा लिखित रुपमा नै स्काउटको सम्पत्ति, प्रकृया मिचेर आएका गैर स्काउटहरुलाई हस्तान्तरण नगर्न अपिल नै गरेका छौं र सो सम्बन्धी ज्ञापन यस अघिनै युवा तथा खेलकुद मन्त्रालयमा बुझाइको पनि छ । राष्ट्रीय समस्यालाई वेबास्ता गरी भौतिक संरचना लक्षित दवाव दिने कार्यबाट प्रमुख स्काउटले हालको मुल विषयलाई विषायान्तर गरी आम स्काउटरहरुलाई रणभुल्लमा पार्ने निति लिएको छर्लङ्ग भएको छ ।

अन्त्यमा प्रमुख जस्तो मुख्य जिम्मेवार व्यक्तीले संस्थाको साख उँचो बनाउने तर्फ चनाखो हुन आग्रह गर्दै अवैधानिक कियाकलाप तर्फ पुनः उन्मुख हुदां विगत भन्दा अझ ठूलो आन्दोलनको अवश्था श्रृजना हुने जानकारी गराउंदछौं । साथै स्काउटको उन्नति, सबलीकरण, सुदृढीकरण तथा अनियमितता विरुद्व हुने समुहगत अभियान तथा आन्दोलनका कार्यक्रममा हाम्रो पुर्ण समर्थन र ऐक्यवद्धता हुने जानकारी गराउन चाहन्छौं ।

स्काउट हामी सबैको साझा संस्था हो, सबै मिलेर यस लाई राम्रो बनाउनु पर्दछ, साथ साथै संस्था विगार्ने विरुद्व एकजुट हुनु पर्दछ ।

**धन्यवाद । जय स्काउट**

पुन्य राम गोथे
संयोजक
९८४१३३४६९०

बोधार्थः
१. सम्माननीय प्रधान मन्त्री तथा संरक्षक ज्यू, नेपाल स्काउट
२. माननीय गृह मन्त्री ज्यू , नेपाल सरकार